# भोटेकोशी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
फुल्पिङकट्टि, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

फोन नं : ०१-६२०१८१७
इमेल: ito.bhotekoshimun@gmail.com
वेवसाइट :www.bhotekoshimun.gov.np


पत्र संख्या : ०८०/८१
चलानी नं :

## सेवा करारमा शिक्षक आवश्यकता सम्बन्धी सूचना ।

सूचना प्रकाशित मितिः२०८०/०५/१३

यस भोटेकोशी गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुलाई देहायको संख्यामा शिक्षक आवश्यकता परेको हुनाले योग्यता पुगेका उमेद्वारले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आईपुग्ने गरी यस कार्यालयको शिक्षा शाखामा दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । समय नाघेर आएको , अपुरो एवम् रित नपुगेको निवेदन छनोट प्रकृयामा समावेश गरिने छैन ।

१. शिक्षक आवश्यकता रहेको विषय , नियुक्तिको प्रकार , संख्या र तहः-

| क्र. सं. | विज्ञापन नं. | विषय | नियुक्तिको प्रकार | आवश्यक संख्या | तह | शैक्षिक योग्यता | विद्यालय |
|---|---|---|---|---|---|---|---|
| १. | ०१-२०८०/८१/शिक्षा | - | करार /पालिका अनुदान | ७ | वालविकास/पुर्वप्राथमिक | सम्वन्धित विषयमा +2 वा सो सरह उतीर्ण गरेको | १.श्री झिर्पु मा.वि. भोटेकोशी गा पा -४<br>२.श्री महाकालीदेवी आवि भोटेकोशी गापा -४<br>३.श्री सेतीदेवीपञ्चकन्या आवि,भोटेकोशी,गापा -४<br>४.श्री महादेव आवि भोटेकोशी गा पा -५<br>५.श्री कालीदेवी आवि भोटेकोशी गापा -५<br>६. श्री भुमेश्वरी आवि, भोटेकोशी गा पा-१<br>७. श्री भुमिराज आवि, भोटेकोशी गा पा -३ |
| २. | ०२-२०८०/८१/शिक्षा | विज्ञान | राहत | १ | नि.मा.वि. | सम्वन्धित विषयमा +2 वा सो सरह उतीर्ण गरी अध्यापन अनुमती पत्र प्राप्त गरेको | १.श्री झिर्पु मा.वि. भोटेकोशी गा पा -४ |
| ३. | १३-२०७९/८०/शिक्षा | अंग्रेजी | प्रदेश अनुदान | १ | मा.वि. | सम्वन्धित विषयमा स्नातक वा सो सरह उतीर्ण गरी अध्यापन अनुमती पत्र प्राप्त गरेको | १.श्री उग्रचण्डी मा वि, भोटेकोशी गा पा-१ ( तेस्रो पटक प्रकाशित। |
| ४. | १४-२०७९/८०/शिक्षा | विज्ञान | संघीय अनुदान | १ | मा.वि. | सम्वन्धित विषयमा स्नातक वा सो सरह उतिर्ण गरी अध्यापन अनुमती पत्र प्राप्त गरेको | १.श्री उग्रचण्डी मा वि, भोटेकोशी गा पा-१ ( पाँचौं पटक प्रकाशित। |

२. दरखास्तका साथ पेश गर्नु पर्ने कागजातहरु:

क। शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि

ख। नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि

२०८०।५।१३

# भोटेकोशी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

फुल्पिङकट्टि, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

फोन नं : ०१-६२०१८१७
इमेल : ito.bhotekoshimun@gmail.com
वेबसाइट : www.bhotekoshimun.gov.np


पत्र संख्या : ०८०/८१
चलानी नं :

भोटेकोशी गाउँपालिका फुल्पिङकट्टी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७४

ग)अनुभव सम्बन्धी प्रमाण पत्रको प्रतिलिपि

घ)अध्यापन अनुमति पत्रको प्रतिलिपि

३. आवेदन दस्तुर:

क) बालविकास तह : रु ४०० ।

ख. निम्न माध्यमिक तह:- रू ५००।-

ग. माध्यमिक तह - रू १००० ।- ( आवेदन दस्तुर भोटेकोशी गाउँपालिकाको नाममा रहेको नबिल बैंकको (भोटेकोशी गा. पा. को आन्तरिक राजश्व खाता नं २४१०१०१७५०००२८ ) मा रकम जम्मा गरी भौचर पेश गेनु पर्नेछ ।

४. दरखास्त पेश गर्ने स्थान:- भोटेकोशी गाउँपालिकाको शिक्षा शाखा वा **bhotekoshimun.edu@gmail.com** मा पनि पठाउन सकिने छ ।

५. परीक्षाको किसिम:- लिखित , मौखिक ( आवश्यकता परेमा प्रयोगात्मक समेत लिन सकिने छ ।)

६.तलब स्केल:- प्रचलित नियमानुसार ।

७. परीक्षा हुने स्थान:- भोटेकोशी गाउँ कार्यपालिकाको कार्यालय , फुल्पिङकट्टि , सिन्धुपाल्चोक ।

८.परीक्षा मिति:- पछि प्रकाशित गरिने छ ।

९. दोस्रो पटक प्रकाशित विज्ञापनको हकमा ७ दिन भित्र दरखास्त पेश गरिसक्नुपर्नेछ ।

१०.सम्पर्क नं. ९८४८५९३२२६ , प्रशुराम जोशी (प्रा.स.)

**प्रमुख प्रशासकीय अधिकृत**

# भोटेकोशी गाउँपालिका
## प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम
पद : बालविकास सहजकर्ता / पूर्व प्राथमिक शिक्षक

भोटेकोशी गाउँपालिका
कोदारी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

### १. छनोटका चरणहरु :

| चरण | परीक्षा प्रणाली | पूर्णाङ्क | प्रश्नसंख्या | प्रतिप्रश्न अंकभार |
|---|---|---|---|---|
| पहिलो | खण्ड क : लिखित परीक्षा ( वस्तुगत) | २० | २० | १ |
| | खण्ड ख : : लिखित परीक्षा (विषयगत) | ८० | ८ | १० |
| दोस्रो | प्रयोगात्मक परीक्षा | २० | | |
| तेस्रो | अन्तर्वार्ता | १५ | | |

नोट :

- दोस्रो चरणको परिक्षा आवश्यकतामा आधारित हुनेछ ।
- पहिलो चरण परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत र दोस्रो चरणको परीक्षाको उत्तीर्णाङ्क ५० प्रतिशत हुनेछ । पहिलो चरण परीक्षाको समय ३ घण्टा हुनेछ ।
- न्यूनतम शैक्षिक योग्यता, माथिल्लो शैक्षिक योग्यता र अनुभव वापतको अंक शिक्षा सेवा आयोग नियमावली वमोजिम हुनेछ ।

### २. परीक्षा प्रणालीः वस्तुगत / बहुबैकल्पिक

| खण्ड | विषय क्षेत्र | अङ्क भार | प्रश्न सङ्ख्या |
|---|---|---|---|
| क | सामान्य ज्ञान | ५ | ५ |
| ख | संविधान, शिक्षा सम्बन्धी ऐन तथा नियमहरु | ५ | ५ |
| ग | बौद्धिक परीक्षण | २ | २ |
| घ | शिक्षा सम्बन्धी आधारभूत ज्ञान | ८ | ८ |

खण्डः क

**सामान्य ज्ञान र समसामयिक विषय (५ अङ्क)**

- ब्रह्माण्ड सम्बन्धी जानकारी ( सौर्यमण्डलः सूर्य, ग्रह, उपग्रह, तारा)
- नेपालको भूगोल (भौगोलिक अवस्था, धरातलीय स्वरुप,भौगोलिक विविधता,हावापानीको किसिम)
- नेपालको इतिहास, संस्कृति र सामाजिक व्यवस्था ( आधुनिक इतिहासः महत्त्वपूर्ण राजनीतिक घटनाक्रम ,नेपाली समाजः बनोट, सामाजिक प्रथा, परम्परा, मूल्य र मान्यता,सौंस्कृतिक सम्पदा )
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका राजनीतिक, सामाजिक, आर्थिक, वैज्ञानिक, सांस्कृतिक लगायत समसामयिक घटना सम्बन्धी जानकारी

खण्डः ख

**संविधान, शिक्षा सम्बन्धी ऐन तथा नियमहरु (५ अङ्क)**

- नेपालको संविधान २०७२, शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९ , शिक्षा सेवा आयोग नियमावली २०५७, अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ , भोटेकोशी गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली २०७५, स्थानीय सरकार सञ्चालन ऐन २०७४, प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७७ ।

खण्ड ग

सामान्य बौद्धिक परीक्षण (General Mental Ability Test) (२ अङ्क)

- श्रेणीक्रम समस्याहरू (Series Problems), छुटेका सङ्ख्याहरू पूरा गर्ने (Fill in the Missing Numbers), गणितीय पजलहरू (Mathematical Puzzles)

खण्ड घ

**शिक्षा सम्बन्धी आधारभूत ज्ञान (८ अङ्क)**

- शिक्षाको परिचय र नेपालको शैक्षिक विकास
- शिक्षा मनोविज्ञान
- सिकाइ र प्रभाव पार्ने तत्वहरू
- सिकाइ प्रकृया र सिकाइका सिद्धान्तहरू
- पाठ्यक्रम तथा पाठ्यपुस्तक
- शिक्षण सिकाइको योजना, विधि र शिक्षण सामग्री
- मूल्याङ्कन र परीक्षा
- शैक्षिक व्यवस्थापन र शैक्षणिक संगठन
- शिक्षक पेशागत विकास र शैक्षिक अनुसन्धान

## ३. परीक्षा प्रणाली: विषयगत

| खण्ड | विषय क्षेत्र | अङ्क भार | प्रश्न सङ्ख्या |
|---|---|---|---|
| क | शिक्षा परिचय र बाल मनोविज्ञान | १० | २ |
| ख | पाठ्यक्रम तथा पाठ्यपुस्तक | १० | १ |
| ङ | शिक्षण सिकाइको योजना, विधि र शिक्षण सामग्री | १० | १ |
| ग | शैक्षिक व्यवस्थापन र शैक्षणिक संगठन तथा मूल्याङ्कन | १० | २ |
| घ | प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम | १० | १ |
| ङ | नेपाली | १० | १ |
| च | अंग्रेजी | १० | १ |
| छ | गणित / मेरो सेरोफेरो | १० | २ |